NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**मे २४, २०१२**
**सम्पर्क :**
**एटलान्टामा : डेबोरा ह्याक्स, १ ४०४ ४२० ५१२४**
**काठमाण्डौंमा : सारा लेभिटसोर, ९७७ १ ४४४ १४४६**

# पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरको वक्तव्य

म नेपालभरि भएका तनाव, लामो हड्ताल तथा राजनीतिक हिंसाका घटनाहरुबाट चिन्तित भएको छु । सकारात्मक रुपले, नेपाल सरकार र आन्दोलनकारी समूहहरुबीच भएका सम्झौताहरुका साथै स्थानीय तहका केही सराहनीय पहलले गएका केही दिनहरुमा तनाव घटेको देखिएको छ । तथापि, आगामी दिन वा सप्ताहहरुमा स्थिति फेरि बिग्रन सक्ने जोखिम विद्यमान छ ।

देशभरि खटिएका कार्टर सेन्टरका पर्यवेक्षकहरुले नेपालका विभिन्न जिल्लाहरुमा खासगरी संघीयताका फरक ढाँचाहरुको वकालत गर्ने पहिचानमा आधारित पक्षधरहरुबीच द्वन्द्व बढेका दृष्टान्तहरु उल्लेख गरेका छन् । यस्तो स्थिति हालसम्म सुदूर पश्चिम तराईमा सबैभन्दा स्पष्ट देखिएको छ भने पश्चिमी र पूर्वी क्षेत्रहरुमा पनि गम्भीर तनावका विवरणहरु बताइएको छ । राष्ट्रिय तहबाटै उचित ढंगले सम्बोधन नगरिएमा यो अवस्था बढ्दो हिंसामा परिणत हुन सक्छ जुन् साम्प्रदायिक प्रकृतिको हुने सम्भावना छ ।

मे २७ को समयसीमा नजिकिँदै गर्दा म नेपाल सरकार, राजनीतिकर्मी, नागरिक समाज, आन्दोलनकारी समूहहरु तथा नेपाली नागरिकहरुलाई हालैका तनावहरु शान्त पार्न आफ्नो प्रयासलाई निरन्तरता दिन, उत्पन्न असहमतिहरु निराकरणका निम्ति वार्तामा सहभागी हुन र वर्तमान स्थितिलाई अझ बिगार्न सक्ने उत्तेजनात्मक, हिंसात्मक वा आक्रामक क्रियाकलापबाट टाढा रहन आग्रह गर्दछु । म सबै राजनीतिकर्मीहरुलाई आफ्ना कार्यकर्ताहरुले कानूनको शासन, प्रेस स्वतन्त्रता तथा नागरिकका अधिकारहरुको सम्मान गरुन भन्ने सुनिश्चित गर्न आव्हान गर्दछु । म सुरक्षा बलहरुलाई पनि नियन्त्रण र निष्पक्षता प्रदर्शन गर्न आग्रह गर्दछु किनकि समुदायहरुले राज्यद्वारा अनुचित रुपमा लक्षित भएको महसुस गर्दैनन् भन्ने सुनिश्चित गर्नु आवश्यक छ ।

यस सम्वेदनशील घडीमा नेपालका नेताहरुले जिम्मेवारीपूर्ण कार्य गर्नुपर्छ, सम्बन्धित सबै सरोकारवालाहरुसँग व्यापक र समावेशी ढंगमा परामर्श गर्नुपर्छ, स्थानीय तहमा उठेका चासोहरुलाई सम्बोधन गर्ने कार्य गर्नु पर्छ र नयाँ संविधानको वैधानिकता तथा स्थायित्वका लागि सन् २००६ मा तय गरिएको रुपरेखाभित्र रहेर स्वीकार्य संझौतामा पुग्नका लागि सर्वाधिक प्रयास गर्नुपर्छ ।

नेपालको शान्ति प्रक्रियाले कैयौं ऐतिहासिक उपलब्धिहरु हासिल गरेको छ । यी उपलब्धीहरुलाई संस्थागत गर्नका लागि व्यापक रुपमा स्वीकार्य लोकतान्त्रिक र समावेशी तथा नेपाली जनताका विविध अपेक्षाहरुलाई सम्बोधन गर्ने संविधानको घोषणा पश्चात् विश्वसनीय लोकतान्त्रिक निर्वाचन गर्नु अबका कदमहरु हुन् ।

सन् २००५ देखि नै मैले नेपालका सबै राजनीतिज्ञहरुले आफ्नो देशको हितका लागि अप्ठ्यारा संझौताहरुमा पुग्ने क्षमता प्रदर्शन गरेको देखेको छु । उनीहरुमा पूनः त्यस्तो गर्न त्यो साहस र शक्ति छ भन्नेमा म विश्वस्त छु । यस गम्भीर समयमा राजनीतिकर्मी हुन् वा सामान्य नागरिक, सबै नेपालीले नेपालले आफ्नो लोकतान्त्रिक प्रगतिको वाचा पूरा गरेको सुनिश्चित गर्न आफ्ना प्रयासहरु दोब्बर बनाउनुपर्छ । नेपाली जनता दीगो शान्ति र सम्बृद्धिको मार्गमा अघि बढि रहँदा म नेपाली जनताप्रतिको समर्थनमा समर्पित छु । मेरा धारणा र प्रार्थना तपाईंहरुसँगै छन् ।

####

*विश्वव्यापी रुपमा शान्ति र स्वास्थ्य वृद्धि गर्ने उद्देश्यले इमोरी विश्वविद्यालयसँग साझेदारी गरेर संयुक्त राज्य अमेरिकाका पूर्व राष्ट्रपति जिम्मी कार्टर र उनकी श्रीमती रोजलिन्ले सन् १९८२ मा कार्टर सेन्टरको स्थापना गरेका हुन् । यो गैर नाफामुखी गैरसरकारी संस्था हो । नेपालको शान्तिलाई सन् २००३ देखि सहयोग गर्दै कार्टर सेन्टरले सन् २००८ को संविधान सभाको निर्वाचन पर्यवेक्षण गर्न एक अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण टोली खटायो । सेन्टर स्थानीय तहमा केन्द्रित भै संविधान निर्माण प्रयास, शान्ति प्रक्रिया तथा मतदाता दर्ता प्रक्रियाको पर्यवेक्षण गर्ने कार्यादेशका साथ देशमै रहेको छ । कार्टर सेन्टर नेपालमा निष्पक्षतामा प्रतिबद्ध छ र कुनै पनि समूह, दल वा संगठनलाई सहायता तथा रकम प्रदान गर्दैन । कार्टर सेन्टरका सबै ताजा प्रतिवेदनहरु http://cartercenter.org/countries/nepal-peace.html मा पढ्नुहोस् ।*